# डार्विन क्षेत्र




# गहन अङ्ग्रेजी कार्यक्रमहरू

## प्राथमिक विद्यालय

Anula Primary School
73 Yanyula Drive, Anula
(08) 8997 7500

MOIL WE CARE PRIMARY SCHOOL

Moil Primary School
73 Lanyon Terrace, Moil
(08) 8983 7530

## उच्च माध्यमिक विद्यालय

SANDERSON HIGH SCHOOL

Sanderson High School
60 Matthews Road, Malak
(07) 7923 0500

## उच्च माध्यमिक विद्यालय

Darwin High School
Bullocky Point, The Gardens
(08) 8999 1222



Translated into Nepali

Department of EDUCATION AND TRAINING
8 May 2026 | Version 3

NORTHERN TERRITORY GOVERNMENT




## गहन अङ्ग्रेजी कार्यक्रम

गहन अङ्ग्रेजी कार्यक्रमले अङ्ग्रेजी सिक्न भर्खरै सुरु गरेका विद्यालय उमेरका विद्यार्थीहरूलाई सहयोग गर्दछ। यो कार्यक्रम हालै नर्दन टेरिटरी (Northern Territory) मा आएका अन्य देशका विद्यार्थीहरूका लागि लक्षित गरिएको हो।

सानो कक्षा आकारको कारण विद्यार्थीहरूलाई अस्ट्रेलियाली पाठ्यक्रमअनुसार केन्द्रित र प्रभावकारी अङ्ग्रेजी शिक्षण प्रदान गर्न सकिन्छ।

गहन अङ्ग्रेजी कार्यक्रमहरूमा अतिरिक्त भाषा वा उपभाषाका रूपमा अङ्ग्रेजी (ईएएल/ डी; EAL/D) का तहहरू प्रयोग गरी विद्यार्थीको अङ्ग्रेजी सीप पहिचान गरिन्छ र आगामी भाषा सिकाइका चरणहरू निर्धारण गरिन्छ।

## फाइदाहरू

योग्य शिक्षकहरूले गुणस्तरीय कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूलाई सामान्य (mainstream) अस्ट्रेलियाली कक्षाहरूमा आफ्ना सहपाठीहरूसँग सहभागी हुन आवश्यक पर्ने अङ्ग्रेजी तहसम्म पुऱ्याउन सहयोग गर्छन्।

गहन अङ्ग्रेजी कार्यक्रमहरूले अस्ट्रेलियाली संस्कृति र स्थानीय विद्यालय समुदायसँग परिचित हुनका लागि सुरक्षित र सहयोगी वातावरण प्रदान गर्छन्। साथै, विद्यालयले विद्यार्थीलाई आघात, सामाजिक असुविधा, वा अवरुद्ध शिक्षाबाट उत्पन्न हुन सक्ने कुनै पनि अतिरिक्त आवश्यकताहरू पहिचान गर्न सहयोग गर्न सक्छ।

## योग्यता

पछिल्ला १८ महिनाभित्र अस्ट्रेलिया आएका र ५ देखि १२ वर्ष उमेरका विद्यार्थीहरू – वा – १३ देखि १७ वर्ष उमेरका भई पछिल्ला १२ महिनाभित्र अस्ट्रेलिया आएका विद्यार्थीहरू गहन अङ्ग्रेजी कार्यक्रममा भर्ना हुन योग्य हुन्छन्। साथै, उनीहरूसँग अस्ट्रेलियामा अध्ययन गर्न स्वीकृत प्रवेश-आज्ञा (भिसा) – वा – अस्ट्रेलियाली नागरिकता वा स्थायी बसोबास अनुमति हुनु आवश्यक हुन्छ।

गहन अङ्ग्रेजी कार्यक्रममा भर्ना हुनु अघि, विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूले आफ्नो स्थानीय विद्यालयमा एक बैठकमा सहभागिता जनाउनुपर्छ। यस क्रममा विद्यार्थीको अङ्ग्रेजी बुझाइको स्तर पत्ता लगाउन छोटो प्रारम्भिक परीक्षण (स्क्रिनिङ) गरिन्छ। यो परीक्षणले विद्यार्थीको उमेरअनुसार अङ्ग्रेजी बुझाइ कमजोर छ वा छैन भन्ने देखाउँछ। परीक्षणको नतिजाका आधारमा परिवारलाई गहन अङ्ग्रेजी कार्यक्रम भएको विद्यालयमा आवेदन दिन मिल्छ कि मिल्दैन भन्ने जानकारी दिइन्छ।

## अङ्ग्रेजी सिकाइका चरणहरू

प्रारम्भिक 〉 उदाउँदो 〉 विकासोन्मुख 〉 सुदृढीकरण

अङ्ग्रेजी सिकाइका यी चरणहरूले विद्यार्थीले कति अङ्ग्रेजी पहिल्यै सिकिसकेको छ र उसलाई अझै कति सहयोग आवश्यक छ भन्ने कुरा बताउँछन्। विद्यार्थी प्रारम्भिक (Beginning) वा उदाउँदो (Emerging) चरणमा भएमा उनीहरू गहन अङ्ग्रेजी कार्यक्रमका लागि योग्य हुन्छन्।

विद्यार्थीको विद्यालय प्रतिवेदनमा उनी कुन अङ्ग्रेजी सिकाइको चरणसम्म पुगेको छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ।

## भर्ना

गहन अङ्ग्रेजी कार्यक्रममा भर्ना हुन चाहने कुनै पनि विद्यार्थीले अन्तर्राष्ट्रिय सेवा (International Services) सँग सम्पर्क गर्नुपर्छ। उनीहरूले प्रवेश-आज्ञा (भिसा) जाँचमा सहयोग गर्नेछन् र गहन अङ्ग्रेजी कार्यक्रम उपलब्ध भएको विद्यालयमा बैठकको व्यवस्था गर्न मद्दत गर्नेछन्।

अन्तर्राष्ट्रिय सेवा: (०८) ८९९९ ५८९५ अथवा इमेल: internationalservice@education.nt.gov.au

गहन अङ्ग्रेजी कार्यक्रमका लागि विद्यालयमा भर्ना प्रक्रियामा सहयोग आवश्यक पर्ने परिवारहरूले मेलालुका अस्ट्रेलिया (Melaleuca Australia) लाई ८९८५ ३३११ मा – वा – एङ्ग्लिकेयर आरएएमएसएस (Anglicare RAMSS) लाई ८९४६ ४८०० मा सम्पर्क गर्न सक्नुहुन्छ।

विद्यालयको भर्ना फारम जाँच गर्नुहोस् (तपाईंले फारम साथमा ल्याउनुपर्ने वा अनलाइन पेस गर्नुपर्ने हुन सक्छ)। विद्यालयसँग हुने बैठकमा लिएर जान आवश्यक हुन सक्ने जानकारीहरूमा अस्ट्रेलियामा आगमन मिति, विद्यार्थीको नाम (कानुनी र प्रचलित नाम), हालको ठेगाना, घरमा र पहिलाका विद्यालयहरूमा बोलिने भाषाहरू, प्रवेश-आज्ञा (भिसा) सब क्लास नम्बर तथा तपाईंको सम्पर्क विवरण समावेश हुन सक्छ। बैठकमा सहभागी हुनु अघि विद्यालयसँग तपाईंले के के ल्याउनुपर्ने हो भन्ने कुरा सोध्नुहोस्।



## सहयोग सेवाहरू

गहन अङ्ग्रेजी कार्यक्रमका विद्यार्थीहरूका लागि बस सेवा आवेदनमार्फत उपलब्ध छ। आघात वा विशेष सिकाइ आवश्यकताका लागि सहयोग शिक्षा विभाग (Department of Education) मार्फत आवेदन गर्न सकिन्छ। यस सम्बन्धी जानकारीका लागि विद्यालयमा सोध्नुहोस्।

विद्यालयका बैठकहरूमा सबैले एक–अर्कालाई राम्रोसँग बुझ्नु महत्त्वपूर्ण हुन्छ। तपाईंको भाषामा सहयोगका लागि दोभाषे तथा अनुवादन सेवा एनटी (Interpreting and Translating Service NT) लाई ८९९९ ८५०६ मा सम्पर्क गर्नुहोस्, वा कुनै पनि बैठक हुनु अघि विद्यालयलाई तपाईंको तर्फबाट उनीहरूसँग सम्पर्क गर्न भन्नुहोस्।

## कार्यक्रममा रहने अवधि

विद्यार्थीहरू विकासोन्मुख चरणमा नपुगेसम्म गहन अङ्ग्रेजी कार्यक्रममा सहभागी हुन्छन्। यसले उनीहरूलाई सामान्य कक्षामा अध्ययन गर्न पर्याप्त अङ्ग्रेजी भएको जनाउँछ।

यसका लागि लाग्ने समय विद्यार्थीअनुसार फरक हुन सक्छ, तर अधिकतम अवधि ५ देखि १२ वर्षका विद्यार्थीहरूका लागि १८ महिना र १३ देखि १७ वर्षका विद्यार्थीहरूका लागि २४ महिना हो।

